# जिल्ला समन्वय कार्यविधि, २०७५

जिल्ला समन्वय समिति, रसुवा

२०७५ भाद्र

# जिल्ला समन्वय कार्यविधि, २०७५

जिल्ला समन्वय समितिले रसुवा जिल्लाभित्रका गाउँपालिकाहरुबीच समन्वय गर्ने, जिल्लामा रहने संघीय/प्रार्देशिक कार्यालय र स्थानीय सरकारहरुबीच समन्वय गर्ने तथा सरकारी-निजी-गैरसरकारी क्षेत्रबीच सामञ्जस्यता ल्याइ विकास तथा निर्माणका कार्यलाई व्यवस्थित गर्न,

नेपालको संविधानको धारा २२० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (४) ले दिएको अधिकार प्रयोग गरी रसुवा जिल्लाको दोस्रो जिल्लासभाबाट जिल्ला समन्वय कार्यविधि, २०७५ जारी गरिएको छ ।

## खण्ड क - संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम जिल्ला समन्वय कार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"सरकारी कार्यालय" भन्नाले रसुवा जिल्लामा नेपालको संविधान तथा सो अन्तर्गत बनेका अन्य कानूनद्वारा स्थापना गरिएका कार्यालयहरु, संघीय तथा प्रार्देशिक सरकारका जिल्लास्थित कार्यालयहरु, स्थानीय सरकारका कार्यालयहरु र नेपाल सरकारको आर्थिक तथा व्यवस्थापकीय नियन्त्रण रहेका अन्य कार्यालयहरुलाई जनाउँछ।

(ख)"गैरसरकारी क्षेत्र" भन्नाले रसुवा जिल्लालाई कार्यस्थल बनाई यस जिल्लाको पूर्वाधार, सामाजिक, आर्थिक तथा साँस्कृतिक विकासका लागि प्रचलित कानून बमोजिम गैरसरकारी वा सामुदायिक वा सामाजिक वा साँस्कृतिक संस्थाको रुपमा दर्ता भएका संस्थाहरु र तिनको आर्थिक तथा व्यवस्थापकीय नियन्त्रण रहेका अन्य कार्यक्रमहरुलाई जनाउँछ।

(ग)"निजी क्षेत्र" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि नाफामूलक उद्योग वा व्यवसाय सञ्चालन गर्ने सन्दर्भमा रसुवा जिल्लाभित्रको कुनै सार्वजनिक स्थानलाई आधार मानी पूर्वाधार,

सामाजिक, आर्थिक तथा साँस्कृतिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न स्थापित फर्म वा कम्पनीलाई जनाउँछ।

(घ)"विकास तथा निर्माण" भन्नाले रसुवाली जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक समृद्धिका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा सञ्चालन गरिएका वा भविश्यमा सञ्चालन गरिने पूर्वाधार विकास, क्षमता अभिवृद्धिमूलक, आय अभिवृद्धि र स्वरोजगारी एवम् रोजगारीमूलक कार्यक्रमहरु, सीप विकास र सचेतनामूलक विकासका कृयाकलापहरुलाई बुझिन्छ ।

(ङ)"समन्वय" भन्नाले खण्ड (क) मा उल्लेख गरिएका कार्यालयहरुले सञ्चालन गर्ने कार्यक्रमहरु सञ्चालन हुनुपूर्व वा सञ्चालनकै क्रममा कुनै प्रकारको दृष्य वा अदृष्य कठिनाई उत्पन्न भई सो कठिनाई सम्बोधन गर्न सम्बद्ध पक्षहरुद्वारा निर्णय लिन नसक्ने अवस्था सिर्जना भएमा जिल्ला समन्वय समितिको तर्फबाट सो अवस्थाको अन्त्य गरी निर्णयप्रकृयालाई सुचारु बनाउन गरिने औपचारिक तथा अनौपचारिक पहललाई जनाउँछ ।

(च)"जिल्ला" भन्नाले रसुवा जिल्लालाई जनाउँछ।

(छ)"प्रदेश" वा "प्रदेश सभा" वा "प्रदेश सरकार" भन्नाले प्रदेश नं ३ लाई जनाउँछ । भविश्यमा प्रदेश नं ३ को नामाकरण परिवर्तन भएको सन्दर्भमा उल्लिखित शब्दहरुले प्रदेश नं ३ को परिवर्तित नामलाई नै जनाउनेछ ।

## खण्ड ख - समन्वयको क्षेत्र र कार्यदायरा

**(३) समन्वयको क्षेत्रः**(१)यस कार्यविधिको प्रयोजनको लागि रसुवा जिल्लामा संघीय सरकारद्वारा स्थापना गरिएका जिल्ला वा पालिकास्तरीय कार्यालयहरु, प्रदेश सरकारद्वारा स्थापना गरिएका जिल्ला वा पालिकास्तरीय कार्यालयहरु र स्थानीय सरकारद्वारा स्थापित निकायहरु मुलभुत रुपमा समन्वयको क्षेत्रभित्र पर्नेछन्।

(२) जिल्लाभित्र सञ्चालन गरिने पूर्वाधार, सामाजिक, आर्थिक तथा साँस्कृतिक विकासका गतिविधिहरुलाई व्यवस्थित गर्ने सन्दर्भमा निजी तथा गैरसरकारी संस्थाहरुसमेत समन्वयको क्षेत्रभित्र पर्नेछन्।

**(४)समन्वयको कार्यदायरा**ः(१) समन्वयको दायरा सामान्यतयाः उपदफा (३) मा उल्लेख गरे बमोजिम हुनेछ। तर जिल्ला समन्वय समितिमा सम्बन्धित गाउँपालिकाबाट मौखिक वा लिखित माग भई आएमा पालिकाभित्रका सबै वा आंशिक वडा-वडाहरुबीचमा कार्यक्षेत्रगत वा निर्णयप्रकृयाका कुनैपनि चरणहरुमा समन्वय गर्न सकिनेछ।

(२)गैरसरकारी संस्थाहरुबीचमा समेत कार्यक्षेत्रगत एकरुपता कायम गर्न वा कुनै पालिका र गैरसरकारी संस्थाबीच कुनै पनि प्रकारको विवाद उत्पन्न हुन सक्ने भएमा वा विवाद उत्पन्न भएमा समन्वय गर्न सकिनेछ।

(३)निजी क्षेत्रहरुद्वारा सञ्चालित सार्वजनिक विकास तथा निर्माणका कृयाकलापहरुलाई समन्व्यात्मक रुपमा सञ्चालन गर्न जिल्ला समन्वय समितिले हरेक वर्ष जेष्ठ महिनाभित्र निजी क्षेत्रहरुद्वारा आगामी आर्थिक वर्षमा खर्च गर्ने गरी छुट्टयाएको बजेटको परिधिभित्र रही सञ्चालन गरिने कार्यक्रमहरु तयार गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यक्रमहरु तयार गर्दा सार्वजनिक विकास र निर्माणमा लगानी गर्ने निजी क्षेत्रहरु र कार्यक्रम कार्यान्वयन गरिने सम्बन्धित गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाका वडाध्यक्ष र वडा सदस्यहरुसमेतलाई सहभागी गराई वार्षिक योजना तर्जुमा गर्नुपर्नेछ। जिल्ला समन्वय समितिले आवश्यक ठानेमा लगानीकर्ता निजी क्षेत्रहरुको समेत सहभागितामा समुदायस्तरहरुमा समेत गई छलफल कार्यक्रमहरु आयोजना गर्न सकिनेछ।

## खण्ड ग - समन्वय प्रकृया

(५)**जिल्ला समन्वय समितिबाट निर्णय गराउनुपर्नेः** यस कार्यविधि बमोजिम पालिका-पालिका, वडा-वडा, पालिका-गैरसरकारी संस्था र पालिका-निजी क्षेत्रबीचमा समन्वय गर्नुपूर्व वा कुनै विषम परिस्थितिको कारण समन्वय गर्नुपूर्व जिल्ला समन्वय समितिको निर्णय गराउन नसकिने अवस्था श्रृजना भएमा जिल्ला समन्वय समितिका प्रमुखबाट निर्णय गराउनुपर्नेछ।

**(६) समन्वयकर्ता तोक्नुपर्ने**ःउपदफा (५) बमोजिम निर्णय गर्दा जिल्ला समन्वय समितिका प्रमुखबाहेक अन्य पदाधिकारी वा अधिकृतस्तरका कर्मचारीलाईखण्ड ख. अनुरुपका क्षेत्र वा दायराभित्र पर्ने विषयहरुमा समन्वयको लागि खटाउँदा समन्वयकर्ताको रुपमा तोक्नुपर्नेछ।

**(७) कार्यविधि अवलम्बन गर्नुपर्नेः**(१)जिल्ला समन्वय समितिका प्रमुख वा उपदफा (६) बमोजिम तोकिएका समन्वयकर्ताले विषय वा परिस्थिति हेरी समन्वयको कार्यविधि अवलम्बन गर्नसक्नेछन् ।

तर समन्वयका निम्नलिखित आधारभूत पक्षहरु अवलम्बन गर्नैपर्नेछः

क. विवादित वा समन्वय गर्नुपर्ने विषयवस्तुको गहन अध्ययन गरी सोको टिपोट गर्ने ।

ख. विवादित वा समन्वय गर्नुपर्ने पक्षहरुसँग एकल तथा सामूहिक वार्ता गरी दुवै पक्षका भनाईहरु बुझी सोको टिपोट गर्ने ।

ग. उल्लिखित टिपोटका आधारमा विवादित वा समन्वय गर्नुपर्ने पक्षहरुलाई एक-अर्काका भनाइ र मागहरु सामूहिक बैठक राखी सुनाउने र उनीहरुलाई नै उक्तानुसारका विषयवस्तुहरुमा छलफल गर्न लगाउने ।

घ. उक्तानुसारको छलफलमा अन्य पक्षको समेत आवश्यकता देखेमा प्रमुख वा समन्वयकर्ताले उक्त पक्षलाई आमन्त्रण गर्नसक्ने ।

ङ. समन्वय प्रकृयामा सहभागी सबै पक्षहरुले मर्यादित¸ शिष्ट र सम्मानजनक भाषा प्रयोग गर्ने ।

च. छलफलबाट प्रमुख वा समन्वयकर्ताले सहमतिको निर्णय गराउनुपर्ने ।

(२) उपदफा (१) मा उल्लेख गरेका प्रकृयाहरु अनुरुप प्रमुख वा समन्वयकर्ताले विवाद वा समन्वय गर्नुपर्ने विषय टुङ्गोमा पुर्याएपछि सोको प्रतिवेदन जिल्ला समन्वय समितिमा दिनुपर्नेछ । सोको अभिलेख जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ ।

## खण्ड ङ - विविध

**(८) असल अभ्यास तथा क्षमता अभिवृद्धिमूलक कार्यक्रमहरु सञ्चालन गर्नेः** जिल्ला समन्वय समितिले रसुवा जिल्लामा सञ्चालित विकास तथा निर्माण सञ्चालन गर्दा देखिएका असल अभ्यासहरुलाई गाउँपालिकाहरुबीचमा पुर्याउन आवश्यक पर्ने क्षमता अभिवृद्धिमूलक कार्यक्रमहरु सञ्चालन गर्नेछ। गाउँपालिकाहरुले जिल्ला समन्वय समितिलाई यसरी सञ्चालन गरिने कार्यक्रमहरुमा आवश्यक सहयोग गर्नेछन।

**(९) समन्वय कार्यविधिको पालना गर्नुपर्नेः** यो जिल्ला समन्वय कार्यविधि, २०७५ को पालना गर्नु जिल्लास्थित सबै सरकारी, गैरसरकारी र निजी क्षेत्रको कर्तव्य हुनेछ ।

**(१०) अनुसरण गर्नुपर्नेः** जिल्लास्थित गाउँपालिकाहरुले समेत आफ्नो कार्यक्षेत्रभित्र कुनै पनि विषयमा सरकारी, निजी र गैरसरकारी क्षेत्रबीचमा समन्वय गर्नुपर्ने अवस्थामा कार्यविधिलाई मार्गदर्शक कार्यविधिको रुपमा अनुसरण गर्नेछन् ।

**(११) संशोधनः** यस कार्यविधिमा उल्लेख गरिएका विषयवस्तुहरु जिल्ला सभाबाट मात्र संशोधन हुनेछन् । कुनै कारणले यस कार्यविधिको कानूनी व्याख्या गर्नुपर्ने अवस्था आएमा नेपालको संविधान तथा अन्य प्रचलित कानून बमोजिम स्थापना गरिएका न्यायिक निकायहरुबाट मात्र गरिनेछ ।

**(१२) अन्यः** यो कार्यविधिमा जे सुकै कुरा लेखिएको भए तापनि संघीय वा प्रार्देशिक कानूनले अन्य व्यवस्था गरेकोमा सोहि अनुरुप नै हुनेछ ।